प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
गण्डकी प्रदेश कार्यालय पोखराको

# सीपमूलक तालिम सञ्चालन सम्बन्धी सूचना !

मिति : २०७९।०६।२७

यस गण्डकी प्रदेश कार्यालयको चालु आर्थिक वर्ष २०७९।०८० को स्वीकृत कार्यक्रम अनुसार गण्डकी प्रदेश भित्र सञ्चालन हुने छोटा अवधिका सीपमूलक तालिमहरु गत आर्थिक वर्षमा जस्तै प्रदेश भित्र रहेका पालिका, गैह्र सरकारी संघ / संस्था र उद्योगी व्यावसायी तथा रोजगारदाताहरुसँगको समन्वय, सहकार्यका साथै ध्दिपक्षिय सम्झौता अनुसार सञ्चालन गर्न लागेको व्यहोरा जानकारीका लागि अनुरोध छ। यसका लागि प्रदेश अन्तर्गत सञ्चालनमा रहेका आङ्गिक, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स), साझेदारी र प्राविधिक धार (९-१२) सञ्चालन भएका शैक्षिक संस्थाहरूले आ-आफ्ना वरपरका क्षेत्र भित्र के कस्ता रोजगारीका सम्भावनाहरु रहेका छन्, के कस्ता सीपहरु सिकाएर युवाहरुलाई उत्पादन तथा रोजगारीमा जोड्न सकिन्छ ? सुक्ष्म अध्ययन गरी सम्बन्धित पालिका, उद्योगी व्यावसायी फर्म, गैह्र सरकारी संस्थाहरूसँग समेत समन्वय र सहकार्य गरी सीपमूलक तालिमको आवश्यकता पहिचान गर्नुहुन अनुरोध छ। सीपमूलक तालिम सञ्चालनका लागि यस प्रदेश कार्यालयबाट समेत प्रदेश भित्र रहेका पालिका, उद्योगी व्यावसायी फर्म, गैह्र सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा लागत साझेदारीका आधारमा तालिम सञ्चालनका लागि प्रयास गरिदै आएको व्यहोरा समेत जानकारी गराईन्छ। अत: सो अनुसार आ-आफ्नो क्षेत्रको आवश्यकता पहिचान गरी तालिम पश्चात रोजगारी स्वरोजगारीको सुनिश्चिता हुने पेशा र व्यावसायका तालिमको माग गर्नुहुन प्राविधिक तथा व्यावसायिक शिक्षा एव तालिम सञ्चालन गर्ने प्रदेश भित्रका सवै शैक्षिक संस्थाहरुलाई अनुरोध गरिन्छ ।

वेबसाइट : www.ctevtgandaki.org.np
फोन नं : ०६१-५३२२७१, ९८५६०१६०८०

निर्देशक